# नेपाल राष्ट्र बैंक

### अनुसन्धान विभाग

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

***(आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्मको तथ्याङ्कमा आधारित)***

## आर्थिक परिदृश्य

1. मुद्रास्फीतिमा सुधार तथा देशको शोधनान्तर स्थिति बचतमा फर्केकोले समीक्षा अवधिमा समष्टिगत आर्थिक स्थिति सन्तोषजनक रहेको छ ।

2. अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा सरकारी खर्च वृद्धि भएको छ । तर बजेट अनुमानको तुलनामा खासगरी पुँजीगत खर्च न्यून रहेको छ । समीक्षा अवधिमा सरकारी खर्चका तुलनामा राजस्व संकलन उच्च रहेकोले नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग उल्लेख्य रु. १९६ अर्ब ६२ करोड बचत कायम रहेको छ ।


3. पर्यटकीय मौसमको आगमनसँगै समीक्षा अवधिमा होटलहरुमा बेड अकुपेन्सी दर करीब ६० प्रतिशतको हाराहारीमा रहेको होटल एशोसियसनको अनुमान छ । यसबाट होटल, रेष्टुरेन्ट एवम् ट्रेकिङ्ग लगायतका पर्यटनजन्य व्यवसायहरुमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

4. अनुकूल मौसमका कारण वर्षे खाद्य बालीहरुको उत्पादनमा वृद्धि, उद्योगहरुको क्षमता उपयोग तथा सेवा क्षेत्रका गतिविधिमा बढोत्तरी र निजी क्षेत्रतर्फको कर्जा प्रवाहको विस्तारले आर्थिक वृद्धिको परिदृष्यमा सुधार ल्याउने देखिन्छ । परिदृष्यमा थप सुधार भने पुँजीगत खर्च र पुनरनिर्माणको कार्यहरुको तीव्रतामा निर्भर रहने देखिन्छ ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

5. २०७३ असार महिनादेखि घट्दो क्रममा रहेको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २०७३ भदौ महिनामा ७.९ प्रतिशत रहेकोमा २०७३ असोज महिनामा ६.७ प्रतिशतमा ओर्लेको छ । २०७३ आसार महिनामा यस्तो मुद्रास्फीति १०.४ प्रतिशत




चार्ट १: उपभोक्ता मुद्रास्फीति (तीन महिना)

र २०७२ असोज महिनामा ८.२ प्रतिशत रहेको थियो ।

6. गत वर्षको तुलनामा समीक्षा अवधिमा खाद्य मुद्रास्फीतिमा सुधार आएकोले समग्र उपभोक्ता मुद्रास्फीति घट्न गएको हो ।

### खाद्य तथा पेय पदार्थ समूह

7. समीक्षा अवधिमा खाद्य मुद्रास्फीति ५.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खाद्य मुद्रास्फीति ९.७ प्रतिशत रहेको थियो । यस समूह अन्तर्गतको दलहन तथा गेडागुडी, घ्यू तथा तेल, दुग्धजन्य पदार्थ तथा अण्डा, मासु तथा माछा लगायतका वस्तुहरुको मूल्य वृद्धिदर गत वर्षको तुलनामा न्यून रहेकोले खाद्य मुद्रास्फीति कम रहन गएको हो । समीक्षा अवधिमा चिनी तथा चिनीजन्य पदार्थको मूल्य १७.८ प्रतिशत र मदिराजन्य पेय पदार्थको मूल्य १३.४ प्रतिशतले वृद्धि भएको छ ।

### गैर-खाद्य तथा सेवा समूह

8. समीक्षा अवधिमा गैर-खाद्य मुद्रास्फीति ७.६ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा गैर-खाद्य मुद्रास्फीति ७.१ प्रतिशत रहेको थियो । यस समूह अन्तर्गत लत्ताकपडा तथा जुत्ताको मूल्य ११.२ प्रतिशतले, शिक्षा तर्फको ९.६ प्रतिशतले, घरभाडा तर्फ ९.४ प्रतिशतले वृद्धि भएको छ ।

### क्षेत्रगत उपभोक्ता मुद्रास्फीति

9. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीति पहाडमा ८.९ प्रतिशत, हिमालमा ६.३ प्रतिशत, तराईमा ६.२ प्रतिशत र काठमाडौं उपत्यकामा ५.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर पहाडमा ८.५ प्रतिशत, हिमालमा ६.९ प्रतिशत, तराईमा ७.५ प्रतिशत र काठमाडौं उपत्यकामा ९.१ प्रतिशत रहेको थियो ।

### नेपाल र भारतबीचको उपभोक्ता मुद्रास्फीति अन्तर

10. २०७३ असोज महिनामा भारतको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.२ प्रतिशत रहेको छ भने नेपालको मुद्रास्फीति ६.७ प्रतिशत रहेको छ । समीक्षा अवधिमा यी दुई मुलुकबीचको उपभोक्ता मुद्रास्फीति अन्तर २.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाल तथा भारतमा यस्तो मुद्रास्फीति क्रमशः ८.२ प्रतिशत र ५.० प्रतिशत रहेकोले दुई मुलुकबीचको उपभोक्ता मुद्रास्फीति अन्तर ३.२ प्रतिशत रहेको थियो ।

**बक्स १: नेपाल र भारतमा उपभोग्य वस्तुको मूल्य वृद्धि अन्तर**

| उपभोग्य वस्तुहरु | मुद्रास्फीति (प्रतिशत) | | अन्तर |
|---|---|---|---|
| | नेपाल | भारत | |
| **समग्र उपभोक्ता मुद्रास्फीति** | **६.७** | **४.२** | **२.५** |
| १. चिनी तथा चिनीजन्य पदार्थ | १७.८ | २३.६ | (५.८) |
| २. मदिराजन्य पदार्थ | १३.४ | ७.१ | ६.३ |
| ३. लत्ताकपडा तथा जुत्ता | ११.२ | ५.२ | ६.० |
| ४. फलफूल | १०.० | ४.४ | ५.६ |
| ५. मसला | १०.० | ७.४ | २.६ |

*स्रोत: तथ्याङ्क तथा कार्यक्रम कार्यान्वयन मन्त्रालय, भारत सरकार, नोभेम्बर २०१६*

11. नेपाल र भारतबीचको मुद्रास्फीति अन्तर क्रमिक रुपमा घट्दै आएको भए तापनि नेपालमा लत्ताकपडा तथा जुत्ता, मदिराजन्य पदार्थ लगायतका वस्तुहरुको मूल्य वृद्धि तुलनात्मक रुपले उच्च रहेकोले मुद्रास्फीति अन्तर अझै उच्च नै रहेको हो (बक्स नं १) ।

### थोक मुद्रास्फीति

12. समीक्षा अवधिमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर ५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्यअन्तर्गत कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ७.२ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ५.८ प्रतिशतले वृद्धि भएको छ भने आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क १.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क १०.५ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ५.७ प्रतिशतले वृद्धि भएको थियो भने आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क ३.९ प्रतिशतले घटेको थियो ।


### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

13. समीक्षा अवधिमा वार्षिक बिन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १४.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ८.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्कमा १८.५ प्रतिशत र ज्यालादर सूचकाङ्कमा १३.४ प्रतिशतले वृद्धि भएको छ । नेपाल सरकारले निजामती कर्मचारीको तलब वृद्धि गरेकोले ज्यालादर सूचकाङ्क भन्दा तलब सूचकाङ्कमा उच्च वृद्धि भएको हो । तलब अन्तर्गत निजामती सेवा, सैनिक तथा प्रहरी बल र सार्वजनिक संस्थान उप-समूहहरूको तलब सूचकाङ्क क्रमशः २४.२ प्रतिशत, २३.६ प्रतिशत र २०.८ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, ज्यालादर अन्तर्गत निर्माण मजदुर, कृषि मजदुर र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १५.७ प्रतिशत, १३.५ प्रतिशत र १२.३ प्रतिशतले वृद्धि भएको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

14. आर्थिक बर्ष २०७३/७४ को तीन महिनासम्मको कुल वस्तु निर्यात १२.६ प्रतिशतले वृद्धि भई रु. १८ अर्ब ९३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा २५.४ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा भारततर्फ १९.९ प्रतिशत, चीनतर्फ २९.५ प्रतिशत र अन्य मुलुकतर्फ ३.९ प्रतिशतले निर्यात बढेको छ । वस्तुगत आधारमा जुस, जुटका सामान, रोजिन, जुत्ता तथा चप्पल लगायतका वस्तुको निर्यात बढेको छ भने जिङ्क सिट, तयारी पोशाक, अलैची, तरकारी लगायतका वस्तुहरुको निर्यात समीक्षा अवधिमा घटेको छ ।




15. समीक्षा अवधिमा कुल वस्तु आयात ६९.१ प्रतिशतले बढेर रु. २२० अर्ब ६८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३१.९ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा भारतबाट भएको आयात ७९ प्रतिशत, चीनबाट भएको आयात ५८.८ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ४९.९ प्रतिशतले बढेको छ । वस्तुगत आधारमा यातायातका साधन तथा पार्टपूर्जा, निर्माण सामाग्री, पेट्रोलियम

पदार्थ, कृषिजन्य उपकरण लगायतका वस्तुको आयात बढेको छ भने चाँदी, कोल्डरोल सिट ईन क्वाइल, सुन लगायतका वस्तुहरुको आयात समीक्षा अवधिमा घटेको छ।

16. भन्सार नाकाका आधारमा त्रिभुवन विमानस्थल भन्सार कार्यालय, मेची भन्सार कार्यालय र जलेश्वर भन्सार कार्यालय नाकाहरुबाट भएको निर्यातमा कमी आए तापनि अन्य भन्सार नाकाहरूबाट भएको निर्यातमा वृद्धि भएको छ । त्यसैगरी, आयाततर्फ समीक्षा अवधिमा कैलाली भन्सार कार्यालय र बिराटनगर भन्सार नाकाबाट भएको आयातमा कमी आएको छ भने अन्य नाकाबाट भएको आयातमा वृद्धि भएको छ।

17. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ७७.५ प्रतिशतले बढी रु. २०१ अर्ब ७५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा ३२.८ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ८.६ प्रतिशतमा रहको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १२.९ प्रतिशत रहेको थियो ।

## निर्यात आयात मूल्य सूचकाङ्क

18. आर्थिक वर्ष २०७३/७४ को तीन महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक बिन्दुगत आधारमा १३.९ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ३.५ प्रतिशतले कमी आएकोले व्यापारको शर्त (Terms of Trade) मा १८ प्रतिशतले सुधार भएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो अनुपात १६.८ प्रतिशतले बढेको थियो । गलैंचा, अलैंची, चिया, पश्मिना लगायतको निर्यात मूल्यमा वृद्धि भएको कारण निर्यात मूल्य सूचकाङ्कमा वृद्धि भएको हो भने, सवारी साधन, फलामे डण्डी लत्ताकपडा पेट्रोलियम पदार्थ लगायतका आयातीत मूल्यमा कमी आएको कारण आयात मूल्य सूचकाङ्कमा कमी आएको हो।

## सेवा

19. समीक्षा अवधिमा कुल सेवा आय ६.४ प्रतिशतले बढेको र कुल सेवा खर्च ६.२ प्रतिशतले बढेको कारण खुद सेवा आय घाटा रु. २ अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा रु. २ अर्ब ३३ करोड रहेको थियो। सेवा खाताअर्न्तगत पर्यटन आय समीक्षा अवधिमा २७.६ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय १२.१ प्रतिशतले घटेको थियो।

## विप्रेषण आप्रवाह

20. समीक्षा अवधिमा विप्रेषण आप्रवाह ३.२ प्रतिशतले वृद्धि भई रु. १७१ अर्ब ८० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २४ प्रतिशतले वृद्धि भएको थियो। खुद ट्रान्सफर आय १.५ प्रतिशतले वृद्धि भई रु. १९४ अर्ब ४८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २७.३ प्रतिशतले बढेको थियो।

21. विप्रेषण आप्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकहरुको संख्यामा पछिल्ला महिनाहरुमा

**बक्स २: बैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरुको संख्या***

| महिना/बर्ष | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
|---|---|---|---|
| साउन | ४२३०९ | ३७७५६ | ३५४८५ |
| भदौ | ५१५५१ | ४०२७५ | ३४७५९ |
| असोज | ३५५५० | ३५४८४ | २४९४९ |
| कात्तिक | ४३२१३ | २३०६१ | |
| मंसिर | ५३३५४ | ३८३५० | |
| पुस | ४५३६२ | ३५३८९ | |
| माघ | ४८९४१ | ३४२१९ | |
| फागुन | ४४४६० | ३५७०१ | |
| चैत | ५२२१० | ३१६१५ | |
| वैशाख | ३१३७५ | ३६७७८ | |
| जेठ | ३७९६२ | ३७६८७ | |
| असार | २६६०० | ३२३९८ | |
| **कुल** | **५१२८८७** | **४१८७१३** | **९५१९३** |
| प्रतिशत परिवर्तन | -२.८ | -१८.४ | -१६.१** |

* अन्तिम श्रम स्वीकृतिमा आधारित। पुन श्रमस्वीकृति समावेश नभएको

** असोजसम्मको जोडको तुलना।

स्रोत: वैदेशिक रोजगार विभाग।

निरन्तर कमी आएको छ । अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७३/७४ को तीन महिनामा गत वर्षको सोही अवधिको तुलनामा १६.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या १२.३ प्रतिशतले घटेको थियो ।

## चालू खाता एवम् शोधनान्तर

22. अघिल्लो वर्षको तीन महिनासम्ममा रु. ८५ अर्ब ८८ करोडले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा व्यापार घाटा उल्लेख्यरुपमा बढेको, वैदेशिक अनुदान घटेको तथा कामदारको विप्रेषण आप्रवाह न्यूनदरमा बढेको कारण रु. १ अर्ब ९७ करोडले घाटामा रहेको छ । त्यसैगरी, अघिल्लो वर्षको तीन महिनासम्ममा रु. ६३ अर्ब ९६ करोडले बचतमा रहेको समग्र शोधनान्तर समीक्षा अवधिमा रु. १९ अर्ब ७० करोडले बचतमा रहेको छ ।

**बक्स ३: बाह्य क्षेत्रको अवस्था (अमेरिकी डलर)***

(अमेरिकी डलर करोड)

| विवरण | २०७१/७२ | | २०७२/७३ | | २०७३/७४ | तीन महिनासम्मको प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | तीन महिना | बार्षिक | तीन महिना | बार्षिक | तीन महिना | २०७२/७३ | २०७३/७४ |
| वस्तु निर्यात (एफ ओ वि) | २५.८८ | ९८.८१ | १७.९९ | ७०.३९ | १९.३० | -३०.५ | ७.३ |
| वस्तु आयात (एफ ओ वि) | १९३.३९ | ७६५.७६ | १२३.६२ | ७०९.२५ | २०२.१८ | -३६.१ | ६३.५ |
| व्यापार सन्तुलन | -१६७.५१ | -६६६.९५ | -१०५.६३ | -६३८.८६ | -१८२.८७ | -३६.९ | ७३.१ |
| कुल व्यापार | २१९.२७ | ८६४.५६ | १४१.६१ | ७७९.६३ | २२१.४८ | -३५.४ | ५६.४ |
| भ्रमण आय | १०.६७ | ५३.६७ | ८.७५ | ३९.२७ | १०.९० | -१८.० | २४.७ |
| विप्रेषण आप्रवाह | १३७.८१ | ६१९.२० | १५९.४३ | ६२५.३४ | १६०.५९ | १५.७ | ०.७ |
| चालु खाता | -६.७१ | १०६.७३ | ८१.८२ | १३३.८८ | -१.८२ | - | - |
| शोधनान्तर (-बचत) | -३.०१ | -१४३.७० | -६०.८६ | -१७७.९८ | -१८.४६ | - | - |

* शोधनान्तर तालिका अनुसार ।

1. अमेरिकी डलरका आधारमा आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्ममा कुल वस्तु निर्यात ७.३ प्रतिशत र कुल वस्तु आयात ६३.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा वस्तु निर्यात ३०.५ प्रतिशत र वस्तु आयात ३६.१ प्रतिशतले घटेका थिए ।


2. समीक्षा अवधिमा भ्रमण आय २४.७ प्रतिशत र विप्रेषण आप्रवाह ०.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण आय १८ प्रतिशतले घटेको र विप्रेषण आप्रवाह १५.७ प्रतिशतले बढेको थियो ।

3. अघिल्लो आर्थिक वर्षको पहिलो तीन महिनासम्ममा अमेरिकी डलर ८१ करोड ८२ लाख बचतमा रहेको चालू खाता समीक्षा अवधिमा अमेरिकी डलर १ करोड ८२ लाखले घाटामा रहेको छ । त्यसैगरी, शोधनान्तर स्थिति अघिल्लो वर्षको पहिलो तीन महिनामा अमेरिकी डलर ६० करोड ८६ लाखले बचतमा रहेकोमा समीक्षा अवधिमा अमेरिकी डलर १८ करोड ४६ लाखले बचतमा रहेको छ ।

23. समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर रु. २ अर्ब ४१ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. ५ अर्ब २ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु. ३ अर्ब ९५ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु. १ अर्ब १२ करोड रहेको थियो ।

## विदेशी विनिमय सञ्चिति

24. कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १०३९ अर्ब २१ करोडबाट १.५ प्रतिशतले वृद्धि भई २०७३ असोज मसान्तमा रु. १०५४ अर्ब ६१ करोड रहेको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७३ असार मसान्तको रु. ८८७ अर्ब १ करोडको तुलनामा २०७३ असोज मसान्तमा ०.८



प्रतिशतले वृद्धि भई रु. ८९४ अर्ब ४२ करोड रहेको छ । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १५२ अर्ब २० करोडको तुलनामा ५.३ प्रतिशतले वृद्धि भई रु. १६० अर्ब १९ करोड पुगेको छ । कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २१.९ प्रतिशत रहेको छ ।

### सञ्चिति पर्याप्तता सूचकहरू

25. आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्मको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४.६ महिनाको वस्तु आयात र १२.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४६.९ प्रतिशत, १०४.१ प्रतिशत र ४४.६ प्रतिशत रहेका छन् । २०७३ असार मसान्तमा यस्ता अनुपातहरू क्रमशः ४६.२ प्रतिशत, ११७.४ प्रतिशत र ४६.३ प्रतिशत रहेका थिए ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम एवम् सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

26. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७२ असोज मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ४८.९६ रहेकोमा २०७३ असोज मसान्तमा ०.२ प्रतिशतले कमी आई प्रति ब्यारल अमेरिकी डलर ४८.८७ कायम भएको छ । त्यसैगरी, सुनको मूल्य २०७२ असोज मसान्तमा प्रति आउन्स अमेरिकी डलर ११८०.८५ रहेकोमा २०७३ असोज मसान्तमा ६ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १२५१.८० पुगेको छ ।

27. २०७३ असार मसान्तको तुलनामा २०७३ असोज मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ०.२ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.३ प्रतिशतले अवमूल्यन भएको थियो । २०७३ असोज मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १०६.४९ पुगेको छ । २०७३ असार मसान्तमा उक्त विनिमय दर रु. १०६.७३ रहेको थियो ।


## सरकारी वित्त स्थिति*

### बजेट घाटा/बचत

28. आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्ममा नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ५४ अर्ब ६१ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ४० अर्ब ६८ करोड रहेको थियो ।

### सरकारी खर्च

29. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ९२.७ प्रतिशतले वृद्धि भई रु. ९५ अर्ब १६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च १०.६ प्रतिशतले घटेको थियो ।




30. समीक्षा अवधिमा चालू खर्च बढेर रु. ८६ अर्ब ७९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च रु. ४१ अर्ब ७ करोड रहेको थियो । समीक्षा अवधिमा पुँजीगत खर्च रु. ७ अर्ब २९ करोड

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरू, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६९ वटा शाखाहरू, नेपाल बैंक लिमिटेडका ४९ वटा शाखाहरू, कृषि विकास बैंक लिमिटेडका २४ वटा शाखाहरू, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरू, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरू र नेपाल बंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड र बैक अफ काठमाडौ लुम्बिनीको १/१ शाखा र जिल्लास्थित ७९ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरू र भुक्तानी केन्द्रहरूबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

भएको छ। अघिल्लो वर्ष यस्तो खर्च रु. २ अर्ब ८७ करोड भएको थियो। आर्थिक वर्ष शुरु हुनुभन्दा एक महिना पन्ध्र दिन अगावै बजेट प्रस्तुत भई समयमै विनियोजन विधेयक पास भएकोले कुल सरकारी खर्च बढेको भए पनि विभिन्न खर्च शीर्षकमा वार्षिक बजेट अनुमान भन्दा न्यून खर्च भएको छ।

| वक्सः ४ बजेटको प्रगती | | | |
|---|---|---|---|
| शीर्षक | बजेट अनुमान | तीन महिनाको प्रगति | |
| | (रु. करोडमा) | रु. करोडमा | बजेट अनुमानको प्रतिशतमा |
| **कुल खर्च** | **१०४,८९२.१** | **९५१६.२** | **९.०७** |
| चालू खर्च | ६१,७१६.४ | ८६७९.२ | १४.०६ |
| पुँजीगत खर्च | ३१,१९४.६ | ७२९.३ | २.३४ |
| वित्तीय व्यवस्था खर्च | ११,९८१.१ | १०७.७ | ०.९० |
| **राजस्व** | **५६,५८९.७** | **१२६११.५** | **२२.२९** |

### सरकारी राजस्व

31. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व सङ्कलन ६६.७ प्रतिशतले वृद्धि भई रु. १२६ अर्ब १२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व १०.२ प्रतिशतले घटेको थियो। मूल्य अभिवृद्धिकर, भन्सार, अन्तशुल्क लगायतका राजस्वका शीर्षकहरु उच्च दरमा बढेकाले सरकारको कुल राजस्व संकलनको वृद्धिदर उच्च रहन गएको हो।


### सरकारको नगद मौज्दात

32. स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले २०७३ असोज मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. १९६ अर्ब ६२ करोड नगद मौज्दात कायम रहेको छ।

## मौद्रिक तथा वित्तीय स्थिति

### मुद्राप्रदाय

33. समीक्षा अवधिमा विस्तृत मुद्राप्रदाय ५.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ४.५ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७३ असोज मसान्तमा विस्तृत मुद्राप्रदाय २०.५ प्रतिशतले बढेको छ।




34. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १९ अर्ब ७० करोडले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ६३ अर्ब ९६ करोडले बढेको थियो।

35. समीक्षा अवधिमा सञ्चित मुद्रा ०.३ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७३ असोज मसान्तमा उक्त मुद्रा ३.३ प्रतिशतले बढेको छ।


### कुल आन्तरिक कर्जा

36. समीक्षा अवधिमा कुल आन्तरिक कर्जा ०.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १.५ प्रतिशतले घटेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७३ असोज मसान्तमा यस्तो कर्जा १९.६ प्रतिशतले बढेको छ।

37. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ४.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी २.९ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा निजी क्षेत्रमाथिको दावी २०७३ असोज मसान्तमा २४.८ प्रतिशतले बढेको छ ।

## निक्षेप सङ्कलन

38. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ३.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप २.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक र विकास बैंकको निक्षेप क्रमशः ३.९ प्रतिशत र ४.९ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको निक्षेप ११.९ प्रतिशतले घटेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप २१.० प्रतिशतले बढेको छ ।




## कर्जा प्रवाह

39. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ४.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको ४.२ प्रतिशत र विकास बैंकहरुको ७.८ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको ८.५ प्रतिशतले घटेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ असोजमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २५.६ प्रतिशतले बढेको छ ।

40. समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा ६.७ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ४.५ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा ५.९ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा ५.५ प्रतिशत र सेवा उद्योगतर्फको कर्जा ६.६ प्रतिशतले वृद्धि भएकोले निजी क्षेत्रतर्फको समग्र कर्जा प्रवाहमा विस्तार आएको हो ।

41. २०७३ असोजसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६०.७ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १५.१ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ५९.२ प्रतिशत र १३ प्रतिशत रहेको थियो ।

42. २०७३ असोजसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको कुल लगानीमा रहेको कर्जामध्ये घरजग्गा (Real Estate) क्षेत्रमा रु. २६५ अर्ब ८५ करोड (प्रति ग्राहक रु. १ करोडभन्दा कमको रु. १५२ अर्ब ८१ करोडको आवासीय घरकर्जा समेत) रहेको छ । उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कुल कर्जाको १४.९ प्रतिशत हुन आउँछ । २०७३ असोजसम्ममा बैंक तथा वित्तीय संस्थाहरूले सेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको २.२ प्रतिशत (रु. ३८ अर्ब ५८ करोड) रहेको छ भने वाणिज्य बैंकहरूबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जाको २.५ प्रतिशत (रु. ३६ अर्ब ८१ करोड) छ ।

43. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट प्रवाहित ट्रष्ट रिसिट (आयात) कर्जा ५.५ प्रतिशत (रु. ४ अर्ब १ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १.१ प्रतिशतले घटेको थियो ।

## तरलता व्यवस्थापन

44. आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्ममा यस बैंकले रु. ९० अर्ब २५ करोड तरलता प्रशोचन गरेको छ । यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् कुल रु. ३१ अर्ब ५० करोड (चालू आर्थिक वर्ष देखि शुरु गरिएको ब्याजदर कोरिडर अन्तर्गतको दुई हप्ते निक्षेप बोलकबोल मार्फत् रु. २६ अर्ब ४५ करोड समेत) र रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. ५८ अर्ब ७५ करोड तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोलकबोलमार्फत् रु. ५७ अर्ब २५ करोड, रिभर्स रिपोमार्फत् रु. ५६ अर्ब ३० करोड र सोझै बिक्री बोल-कबोलमार्फत् रु. ९ अर्ब १० करोड तरलता प्रशोचन भएको थियो ।

45. आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ९२ करोड ५९ लाख खुद खरिद गरी रु. ९८ अर्ब ९४ करोड तथा रिपो बोलकबोल मार्फत रु. १० अर्ब १ करोड (चालू आर्थिक वर्ष देखि शुरु गरिएको ब्याजदर कोरिडर अन्तर्गतको दुई हप्ते रिपो बोलकबोल मार्फत् रु. १ करोड समेत) गरी रु. १०८ अर्ब ९५ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ११२ करोड ५९ लाख खुद खरिद गरी रु. ११७ अर्ब ४६ करोड खुद तरलता प्रवाह भएको थियो ।

46. समीक्षा अवधिमा अमेरिकी डलर ९० करोड र यूरो ९ करोड ५० लाख बिक्री गरी रु. १०७ अर्ब ५९ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ६० करोड बिक्री गरी रु. ६२ अर्ब ४० करोड बराबरको भा.रु. खरिद भएको थियो ।

## पुनरकर्जा तथा उत्पादनशील कर्जा

47. उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा अवधिमा बढेको छ । समीक्षा अवधिमा साधारण पुनरकर्जा रु. २ अर्ब १६ करोड ९७ लाख र निर्यात कर्जा रु. ३७ करोड ४४ लाख गरी कुल रु. २ अर्ब ५४ करोड ४१ लाख पुनरकर्जा उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा साधारणतर्फ रु. १ अर्ब २९ करोड १६ लाख र निर्याततर्फ रु. ९ करोड ६० लाख गरी जम्मा रु. १ अर्ब ३८ करोड ७६ लाख पुनरकर्जा उपयोग भएको थियो । त्यसैगरी, भूकम्प पीडितहरूलाई राहत प्रदान गर्न यस बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७३ असोज मसान्तसम्म रु. १५ करोड ३८ लाख कर्जा प्रवाह भएको छ ।

48. वाणिज्य बैंकहरूले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा २०७३ असोज मसान्तसम्ममा वाणिज्य बैंकहरूको यस्तो कर्जा अनुपात १६.३३ प्रतिशत पुगेको छ ।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

49. आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्ममा वाणिज्य बैंकहरूले रु. २८० अर्ब ५७ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. ८८ अर्ब ३७ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरू र अन्य वित्तीय संस्थाहरूले क्रमश: रु. १८५ अर्ब ५९ करोड र रु. १८ अर्ब ३१ करोडको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले रु. ७ अर्ब ७५ करोडको स्थायी तरलता सुविधाको उपयोग गरेका छन् ।

## ब्याजदर

50. २०७२ असोजको तुलनामा २०७३ असोजमा ९१-दिने ट्रेजरी विल र अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर बढेको छ । २०७२ असोजमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर १.१०

प्रतिशत रहेकोमा २०७३ असोजमा २.१२ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७२ असोजको ०.६४ प्रतिशतको तुलनामा २०७३ असोजमा ३.२७ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७२ असोजको २.१० प्रतिशतको तुलनामा २०७३ असोजमा ४.१३ प्रतिशत रहेको छ ।

51. २०७३ असोजमा वाणिज्य बैंकहरूको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.४५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको असोजमा यस्तो ब्याजदर अन्तर ४.३४ प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७२ असोजको ७.२२ प्रतिशतको तुलनामा २०७३ असोजमा ६.४३ प्रतिशत कायम हुन आएको छ ।

### मर्जर/प्राप्ति

52. वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर/प्राप्ति नीति कार्यान्वयनमा आएसँगै मर्जर तथा प्राप्ति प्रक्रियामा सामेल हुने बैंक तथा वित्तीय संस्थाहरूको संख्या बढ्दै गएको छ । २०७३ असोज मसान्तसम्ममा कुल १२० वटा बैंक तथा वित्तीय संस्थाहरू (घ वर्गका सहित) मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये ७९ वटा संस्थाहरुको इजाजत खारेज हुनगई कुल ४१ संस्था कायम रहेका छन् ।

## पूँजी बजार

53. २०७३ असार मसान्तमा १,७१८.२ विन्दु पुगेको नेप्से सूचकाङ्क २०७३ असोज मसान्तमा १,८०३.७ विन्दुमा उक्लेको छ । २०७२ असोज मसान्तमा १,१३४.५ विन्दु रहेको उक्त सूचकाङ्कमा वार्षिक विन्दुगत आधारमा ५९ प्रतिशतले वृद्धि भएको छ । बैंक तथा वित्तीय संस्थाको पूँजी वृद्धि योजना, सेयर कारोबार प्रणालीमा गरिएको सुधारहरु एवम् लगानीकर्ताहरुमा राजनीतिक संक्रमण अन्त्य हुने अपेक्षा बढ्दै गएको कारण सेयर बजार परिसूचक उच्चदरमा बढेको हो ।

54. आर्थिक वर्ष २०७३/७४ को पहिलो त्रयमासमा कुल सेयर कारोबार रकम अघिल्लो आर्थिक वर्षको सोहि अवधिको तुलनामा १४४.८ प्रतिशतले वृद्धि भई रु. ७४ अर्ब ८५ करोड पुगेको छ । डिम्याट प्रणालीबाट कारोबार भई स्टकको तरलता बढेको, चालू आर्थिक वर्षदेखि नेप्सेको कारोबार समयमा वृद्धि भएको तथा नेप्से सूचकाङ्कमा आफैंमा उछाल आएका कारण कुल कारोबार रकममा उल्लेख्य वृद्धि देखिएको हो ।